# बाँके जिल्ला अदालतको सूचना

यस अदालतको मिति २०७७/०४/१५ गते प्रकाशित सूचना अनुसार विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) बाट उत्पन्न परस्थितिलाई मध्यनजर गर्दै यस अदालतको सेवा प्रवाहलाई सिमित गरिएको व्यहोरा यहाँहरुलाई अवगत नै छ ।आज यस अदालतबाट प्रवाह हुने सेवालाई थप गर्ने र जोखिम नियन्त्रण गर्ने सम्बन्धमा छलफल गर्न यस अदालतमा बसेको बार बेञ्चको बैठकले जिल्ला प्रशासन कार्यालय बाँकेले मिति २०७७ श्रावण २४ गते शनीबार राति १२:०० बजेसम्म निषेधाज्ञा जारी गरेको अवस्थामा, सो अवधि सम्म न्यायका उपभोक्ता लगायत सरोकारवालाहरुको उपस्थिति हुन सक्ने अवस्था नरहेकाले म्याद थप गर्ने, पक्राउ पुर्जी जारी गर्ने, जरुरी पक्राउ पुर्जी समर्थन गर्ने, कल डिटेलको लागि अनुमति दिने, अन्तिम म्याद भएका अभियोग पत्र दर्ता गरी आवश्यक कारबाही अगाडी बढाउने कार्यलाई निरन्तरता दिदै घरेलु हिसां र बन्दीप्रत्यक्षीकरणका निवेदन दर्ता गर्ने, सो को कारबाही समेत गर्ने निर्णय गरेको छ । साथै थप सेवा प्रवाह सम्बन्धमा केन्द्र सरकार र स्थानीय सरकारबाट थप निषेधाज्ञा जारी नभएमा मिति २०७७ श्रावण २५ अथवा थप निषेधाज्ञा जारी भएमा निषेधाज्ञा समाप्त भएको अर्को दिन थप सेवा प्रवाह सम्बन्धमा अर्को सूचना प्रकाशित गरिनेछ ।उक्त समयमा यहाँलाई पर्न गएको असुविधा प्रति क्षमाप्राथी छौं ।

मिति-२०७७/०४/२१